नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

फोन नं. ०१–४२५५७९६
फ्याक्सः ०१ –४२६२२६८
Email: ewarsedcd@gmail.com
Website: edcd.gov.np

पचली, टेकु
काठमाण्डौं, नेपाल

पत्र संख्याः २०७७/०७८
च. नं:

**कोभिड – १९ को महामारीका समयमा औलो सेवा प्रवाहाका सम्बन्धमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाद्वारा तयार पारिएको अद्यावधिक अन्तरिम निर्देशिका – २०२१**

**भूमिकाः**

सन् २०१९ मा गरिएको एक अनुमान अनुसार विश्वभरि झण्डै २२ करोड २९ लाख व्यक्तिहरुमा औलो देखिएको र झण्डै चार लाख नौ हजार व्यक्तिहरु यस रोगको कारणले मृत्यु भएको छ । नेपालमा सन् २०२० मा ४२७ औलो बिरामी निदान भएको छ, जस मध्ये ८३% आयातित रहेका छन् भने ९०% प्लाज्मोडियम भाईभेक्स रहेको छ । गत बर्षदेखि महामारीका रुपमा देखिएको कोभिड – १९, अप्रिल २८, २०२१ सम्म संसारभरि १४,९३,६८,१२७ व्यक्तिहरुमा देखापरि सकेको छ भने यसैको कारण ३१,४९,६९८ व्यक्तिहरुको मृत्यू भैसकेको छ । यसै गरी नेपालमा पनि ३,०७,९२५ व्यक्तिहरुमा कोभिड – १९ देखापरि सकेको छ भने ३,१९४ व्यक्तिहरुको मृत्यू भैसकेको छ ।

नेपालमा कोभिड – १९, पहिलो बिरामी २०२० को जनवरीमा देखापरेको थियो । तर त्यसको केहि महिना पश्चात सरकारले बन्दा बन्दी लागु गरेको थियो । बन्दा बन्दी र त्यसले यातायात तथा मानिसको आवत जावतमा पारेको प्रभावको समयमा औलो सेवा निरन्तरताका लागि इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाद्वारा अप्रिल २०२० मा अन्तरिम निर्देशिका – २०२० जारि गरेको थियो । नेपालमा कोभिड – १९ को पहिलो लहरको प्रभाव २०२० को अन्ततिर सामान्य हुदै गईरहेको भएता पनि २०२१ को अप्रिलदेखि दोस्रो लहरको रुपमा देखिएको यसले पुनः महामारीको रुप लिएको छ, जुन नियन्त्रण तथा रोकथाम गर्न पहिलेको भन्दा जटिल रहेको छ । यस बिसम परिस्थितिमा बिभिन्न जिल्ला तथा स्थानिय निकायहरुले त्यहाँको अवश्था अनुसार निषेधाज्ञा जारी गरेका छन् जसको असर केहि समयका लागि औलो परिक्षण तथा उपचारका साथै यसको निगरानी र अन्य सेवाहरुको निरन्तरतामा पर्ने देखिन्छ । हिडडुलमा गरिएको अबरोधले व्यक्तिको स्वास्थ्य सेवा प्राप्त गर्नमा प्रभाव पार्ने, स्वास्थ्य संस्थासम्म गई सेवा लिन डराउने अवश्था आउनुका साथै स्वास्थ्य सेवा प्रणाली कोभिड १९ का कारण बढि ब्यस्त रहने देखिन्छ ।

## औलो तथा कोभिड – १९

औलो तथा कोभिड – १९ को लक्षणहरुमा भएका समानताले बिरामीको छनौट तथा परिक्षणमा चुनौती रहेको छ । औलो अन्य धेरै संक्रमणहरुसंगै हुन सक्छ । जसको फलस्वरुप औलो संक्रमण पुष्टि भएका बिरामीमा कोभिड – १९ को संक्रमण पनि हुने सम्भावना रहन्छ । यसैगरी कोभिड – १९ को संक्रमण भएकाहरुमा औलो पनि हुन सक्छ । तलको तालिकाले यी दुई रोग बीच रहेका समानता तथा फरकलाई देखाएको छ ।

| बिशेषता | कोभिड – १९ | औलो |
|---|---|---|
| रोग | स्वासप्रश्वास | कीटजन्य |
| कारक | भाइरस | परजिवि |
| प्रशारण | व्यक्तिबाट व्यक्तिमा स्वासप्रश्वास, थुकछिटा तथा कहिले काहि प्रत्यक्ष | संक्रमित एनोफिलिज जातको पोथि लामखुट्टेको टोकाईबाट |

निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

फोन नं. ०१–४२५५७९६
फ्याक्सः ०१ –४२६२२६८
Email: ewarsedcd@gmail.com
Website: edcd.gov.np

पचली, टेकु
काठमाण्डौं, नेपाल

पत्र संख्याः २०७७/०७८
च. नं:

| बिशेषता | कोभिड – १९ | औलो |
|---|---|---|
| | सम्पर्कबाट | |
| बाह्य सराई अवधि | छैन | १०–३० दिन (संक्रमित ब्यक्तिलाई टोकिसकेपछि लामखुट्टेमा बिकास हुन लाग्ने समय) |
| सराई अवधि | २–१४ दिन | ७–१४ दिन वा बढि |
| रोग देखिने | तत्काले | तत्काले |
| लक्षण –ज्वरो | सामान्यत सबैमा | सामान्यत सबैमा संगसंगै जाडो र काप छुट्ने |
| खोकी | सामान्य, घाटीमा पिडा | कहिलेकाहि |
| अन्य | थकाई (सामान्य), पखाला लाग्ने, बान्ता हुने, पेट दुख्ने हुन सक्छ, स्वाद तथा गन्ध थाहा नपाउने, आँखा पाक्ने, छालामा डावर आउने, हात तथा खुट्टाको औलाको रङ्ग फेरिने | थकाई (ज्वरोको समयमा), पखाला लाग्ने, बान्ता हुने, पेट दुख्ने हुन सक्छ |
| गम्भीर बिरामीमा स्वासप्रशास | शास फेर्न गाह्रो हुनेः निमोनिया हुनुका साथै तत्काले स्वासप्रशासका रोगमा देखिने लक्षणहरु देखिन्छ | शास फेर्न गाह्रो हुनेः फोक्सोमा अधिक पानी देखिने, तत्काले स्वासप्रशासका रोगमा देखिने लक्षणहरु देखिन्छ |
| गम्भीर बिरामीहरुः बेहोश हुने, मृगौलामा असर, रगत जम्ने अवश्था, एक भन्दा बढि अंगले काम नगर्ने | देखिन्छः रगत जम्ने अवश्था | देखिन्छः रक्तस्राव हुने अवश्था |
| रोकथाम | खोप उपलब्ध छ,<br>भौतिक दुरी कम्तीमा २ मिटर कायम गर्ने, माक्स प्रयोग गर्ने तथा साबुन पानीले पटक पटक हात धुने | अफ्रिकी देशमा पि. फाल्सिपारमको लागि खोप उपलब्ध छ,<br>कीटनाशक झूलको प्रयोय गर्ने, घरभित्र कीट्नाशक छिड्काउ गर्ने, घर बाहिरको काम गर्दा वा बस्दा पुरा बाहुला भएको कपडा लगाउने |
| उपचार | प्रायः सहयोगी औषधि मात्र,<br>प्रभावकारी औषधि परिक्षण भईरहेको | प्रभावकारी औषधि उपलब्ध भएको,<br>पि. भाइभेक्सका लागि क्लोरोक्विन ३ दिन र प्रिमाक्विन १४ दिन तथा<br>पि.फाल्सिपारमका लागि ए.सि.टि ३ दिन र प्रिमाक्विन १ दिन |
| आगामि परिणामहरु | रोग बिकास हुन सक्छः दीर्घकालिन असरहरु देखिन सक्छ, न्यूरोलोजिकल समस्या आउन सक्छ। | गम्भीर प्रकृतीको औलोबाट निको भएका बच्चाहरुमा न्यूरोलोजिकलका साथै हाउभाउ तथा ब्यवहारमा समस्या देखिन सक्छ। |

निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

फोन नं. ०१–४२५५७९६
फ्याक्सः ०१ –४२६२२६८
Email: ewarsedcd@gmail.com
Website: edcd.gov.np

पचली, टेकु
काठमाण्डौं, नेपाल

पत्र संख्याः २०७७/०७८
च. नं:

## औलो सेवा संचालन अन्तरिम निर्देशिका अद्यावधिक गर्नुको औचित्य

एक तथ्याङ्क बिश्लेषणका अनुसार औलोको निदान, उपचार तथा सेवा निरन्तरतामा कोभिड–१९ ले गम्भीर प्रभाव पारेको देखिन्छ जस अनुसार अप्रिल २०२० देखि जनवरी २०२१ को १० महिनाको अवधिमा औलो परिक्षण झण्डै ४०% ले कमि भएको देखिन्छ । यसका साथै, औलो उच्च देखिन सक्ने मे तथा अगष्ट महिनाहरुमा औलो परिक्षण अघिल्लो बर्षको सोहि महिनाहरु भन्दा क्रमश २१% र ७१% भन्दा बढि कमी भएको देखिन्छ । औलो कार्यक्रमसंग सम्बन्धित केश तथा केश देखिएको ठाँउको अनुसन्धान, त्यसको प्रतिकार्यका साथै कीट्नाशाक झूल बितरण कार्यहरु पछि सार्नु परेको थियो ।

औलोको उच्च जोखिममा रहेका जिल्लाहरुका स्वास्थ्य संस्थामा औलो परिक्षणमा भएको कमीलाई न्युनीकरण गरी समुदायस्तरमा नै शुरुकै अवश्थामा औलो बिरामीलाई पत्ता लगाउन क्याच अप प्लान संचालन गरिएको थियो ।

कोभिड–१९ को पहिलो लहरबाट प्राप्त अनुभव तथा सिकाईका आधारमा यस महामारीको दोस्रो लहरमा औलो निदान, उपचार तथा औलोको सेवाहरु नियमित संचालनका लागि यस निर्देशिका तयार पारिएको हो । यस निर्देशिका अनुसार यस महामारी तथा निषेधाज्ञाका समयमा स्वास्थ्यकर्मी आफु कसरी सुरक्षित भई बिरामी तथा सेवाग्राहीलाई औलो निदान, उपचारका साथै औलोको सेवा नियमित संचालनका गर्ने भन्ने कुरा उल्लेख गरेको छ । यो निर्देशिका अवश्थामा आएको परिवर्तन अनुसार अद्यावधिक गरिने छ ।

## कोभिड – १९ को महामारीका बीच औलो सेवा प्रवाह

कोभिड – १९ को यस महामारीमा स्वास्थ्य संस्था तथा समुदाय स्तरमा प्रदान गरिने औलो सेवाका क्रममा स्वास्थ्यकर्मीले अपनाउनु पर्ने सुरक्षित उपायहरु तथा यस महामारीको अबधिमा औलो कार्यक्रम संचालनमा भएको परिवर्तनबारे यहाँ जानकारी गराईएको छ ।

| सेवाहरु | स्थान | सेवा प्रवाह तथा सुरक्षित उपायहरु |
|---|---|---|
| • ज्वरो आएका बिरामीको पहिचान वा शंकास्पद औलो बिरामीको पहिचान<br>• अन्य देशबाट घर फर्किएका व्यक्तिहरु जसको कोभिड–१९ परिक्षण गरिएको छ । | प्रवेश बिन्दु, होल्डिङ्ग केन्द्र वा क्वारेन्टाइन | • कार्य गर्नेक्रमा ब्यक्तिगत सुरक्षाका उपयाहरु अपनाउने (माक्स, पंजा, तथा गाउन लगाउने)<br>• बिरामीले माक्स लागाएको हुनु पर्दछ<br>• सकेसम्म आम्नेसाम्ने हुने अवश्था हुन नदिने, बिरामीलाई अर्को दिशा तर्फ फर्किन लगाउने<br>• भौतिक दुरी कम्तिमा २ मिटर कायम गर्ने<br>• यी स्थानहरुमा mRDT तथा स्वास्थ्यकर्मी भएको निश्चित गर्ने |
| • ज्वरो आएका बिरामीको पहिचान | स्वास्थ्य संस्था | • ज्वरो क्लिनिक संचालन गर्ने<br>• ब्यक्तिगत सुरक्षाका उपयाहरु अपनाउने ( माक्स, पंजा, तथा गाउन लगाउने)<br>• बिरामीले माक्स लागाएको हुनु पर्दछ<br>• सकेसम्म आम्नेसाम्ने हुने अवश्था हुन नदिने, बिरामीलाई अर्को दिशा तर्फ फर्किन लगाउने |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

फोन नं. ०१–४२५५७९६
फ्याक्सः ०१ –४२६२२६८
Email: ewarsedcd@gmail.com
Website: edcd.gov.np

पचली, टेकु
काठमाण्डौं, नेपाल

पत्र संख्याः २०७७/०७८
च. नं:

| | | |
|---|---|---|
| | | • भौतिक दुरी कम्तिमा २ मिटर कायम गर्ने |
| • बिरामीको जाँच, रोगको बारे बिवरण लिने, रक्त परिक्षणका लागि औलोबाट रगत निकाल्ने, परामर्श दिने तथा स्वास्थ्य सामग्री प्रदान | स्वास्थ्य संस्था | • व्यक्तिगत सुरक्षाका उपयाहरु अपनाउने ( माक्स, पंजा, तथा गाउन लगाउने)<br>• बिरामीले माक्स लागाएको हुनु पर्दछ<br>• सकेसम्म आम्नेसाम्ने हुने अवश्था हुन नदिने, बिरामीलाई अर्को दिशा तर्फ फर्किन लगाउने<br>• भौतिक दुरी कम्तिमा २ मिटर कायम गर्ने |
| • केश अनुसन्धान–घरदैलो तथा समुदायमा सक्रिय केश पहिचान | समुदाय | • घरदैलोमा परिक्षण वा सोधपुछ सकेसम्म खुल्ला ठाँउमा हावाको आवत जावत हुने स्थानमा गर्ने<br>• सक्रिय केश पहिचान घर परिवारका सबैको गर्ने<br>• घर घर गएर गरिने सक्रिय केश पहिचान सम्भव भए गर्ने<br>• समुहमा नभई व्यक्तिगत रुपमा सेवा प्रदान गर्नस्वास्थ्यकर्मी तथा समुदायका सदस्य सबैले माक्स लगाउने<br>• व्यक्तिगत सुरक्षाका उपयाहरु अपनाउने ( माक्स, पंजा, तथा गाउन)<br>• बिरामीले माक्स लागाएको हुनु पर्दछ<br>• सकेसम्म आम्नेसाम्ने हुने अवश्था हुन नदिने, बिरामीलाई अर्को दिशा तर्फ फर्किन लगाउने<br>• भौतिक दुरी कम्तिमा २ मिटर कायम गर्ने<br>• सबैलाई एकै स्थानमा जम्मा नगर्ने |
| • नयाँ संकमित स्थान वा संकमित स्थानहरु अनुसन्धान | समुदाय | • संकमित स्थान बर्गिकरणका लागि समान पर्यावरण भएका अन्य संकमित स्थानहरुको तथ्याङ्क प्रयोग गर्ने, अवश्था सामान्य भए पछि त्यसको सुनिश्चित गर्ने<br>• यदि, माथिको सम्भव भएमा त्यसस्थानको सामान्य अनुसन्धान गर्ने, जस्तै लामखुट्टे संकलन, पहिचान तथा त्यसको प्रजनन स्थान<br>• अनुसन्धान टोली स्थानिय अवश्था अनुसार गठन गरिने छ |
| • स्थानिय संक्रमण वा प्रकोप भएको स्थानमा बाहक नियन्त्रण प्रतिकार्य गर्ने | समुदाय | • कोभिड–१९ को राष्ट्रिय निर्देशिका अपनाउदै एकपटकमा १० (एक घरबाट एक जनामात्र) भन्दाबढि व्यक्तिहरु जम्मा नगरेर कीट्नाशक झूल बितरण गर्ने<br>• झूल बितरण स्थलमा स्यानिटाइजर उपलब्ध गराउने<br>• व्यक्तिगत सरक्षाका उपयाहरु अपनाउने ( |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

फोन नं. ०१–४२५५७९६
फ्याक्सः ०१ –४२६२२६८
Email: ewarsedcd@gmail.com
Website: edcd.gov.np

पचली, टेकु
काठमाण्डौं, नेपाल

पत्र संख्याः २०७७/०७८
च. नं:

| | | |
|---|---|---|
| | | माक्स, पंजा, तथा गाउन लगाउने)<br>• घरभित्र गरिने कीट्नाशक छिड्काउ कोभिड– १९ को राष्ट्रिय निर्देशिका अपनाउदै गर्ने<br>• छिड्काउका क्रममा N95 माक्स लगाउने<br>• सबैलाई एकै स्थानमा जम्मा नगर्ने<br>• सुरक्षाका स्थानीय निकायहरुको सहयोगको लागि अनुरोध गर्ने |
| • स्वास्थ्यकर्मीको सल्लाह अनुसार बिरामीले औषधि पुरा खाएको /नखाएको तथा कुनै गम्भीर असर भए/नभएको अनुगमन गर्ने | मोवाइल मार्फत | • मोवाइल सम्पर्क मार्फत राष्ट्रिय उपचार पद्धति अनुसार निश्चित गरिएको दिनहरुमा (३, ७ र १४) सुनिश्चित गर्ने |
| • नियमित झूल बितरण गर्ने | स्वास्थ्य संस्था | • गर्भवती महिलालाई कीट्नाशक झूलको बितरण नियमित गर्ने<br>• माक्स लगाउने, कम्तिमा २ मिटर भौतिक दुरी कायम राख्ने तथा साबुन पानीले हात धुने कार्य नियमित गर्ने |

## कोभिड– १९ को यस महामारीमा मूख्य ध्यानदिनु पर्ने क्षेत्रहरु

तल उल्लेखित निम्न क्षेत्रहरु कोभिड– १९ महामारीमा तथा बन्दाबन्दीको समयमा सुदृढ गर्नु पर्दछ ।

### १. औलो बिरामीको निगरानी

- कोभिड– १९ महामारीमा औलो प्रभाबित देशबाट घर फर्किनेहरुको संख्यामा भएको वृद्धिका कारण, वा सिमा नाकाहरुमा भएको भिडभाडको कारण त्यस क्षेत्रमा औलोको सक्रिय तथा हुन सक्ने क्षेत्रहरु स्थानीय निकाय तथा एस.एम.सि.द्धारा पत्ता लगाउने ।
- स्थानीय स्वास्थ्य संस्थाको प्रमूख, स्थानीय निकाय तथा एस.एम.सि.द्धारा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई मोवाइल सम्पर्क गरी ती क्षेत्रहरुको अवश्था जानकारी लिईरहने ।
- स्थानीय जनप्रतिनिधिहरुको समन्वयमा महिला स्वास्थ्य स्वयं सेविकाहरुद्धारा स्वास्थ्य सेवा लिन तथा स्वास्थ्यकर्मीको सल्लाह अनुसार नियमित र पुरा अवधि औषधि सेवनको लागि पैरवि गर्ने
- राष्ट्रिय औलो कार्यक्रमले प्रदेशमा रहेका औलो कार्यक्रम हेर्ने टोलीसंग भरचुवल बैठक गरी त्यस क्षेत्रको औलो कार्यक्रमको अवश्था, प्रमूख चुनौती तथा संचालित सेवाहरुको बारेमा जानकारी लिने ।
- राष्ट्रिय औलो कार्यक्रमले प्रदेश तथा स्थानीय निकाय मार्फत निर्धारण गरिएका क्षेत्रहरुमा औलो बिरामीको संख्यामा आएको परिवर्तन, स्वास्थ्य संस्थाबाट समयमा रिपोटिङ्ग, परिक्षण र उपचारका तथा ज्वरोका बिरामी साथै अस्पताल भर्नाको अवश्थाबारे निगरानी गर्ने ।

### २. संचार, समुदाय परिचालन तथा पैरबि

- समुदाय, घरदैलो तथा ब्यक्ति ब्यक्तिहरुमा जनस्वास्थ्य सम्बन्धि राम्रा अनुभव पुऱ्याउने ।
- सामाजिक संजालको प्रयोगलाई प्राथमिकता दिने। जस्तैः एस.एम.एस., भरचुवल बैठक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

फोन नं. ०१–४२५५७९६
फ्याक्सः ०१ –४२६२२६८
Email: ewarsedcd@gmail.com
Website: edcd.gov.np

पचली, टेकु
काठमाण्डौं, नेपाल

पत्र संख्याः २०७७/०७८
च. नं:

- सन् २०२५ सम्म औलो निवारण गर्ने लक्ष्य अनुसार औलो बिरामीको संख्या एतिहाँसिक रुपमा कम रहेको छ तर औलो सम्बन्धि क्रियाकलापमा कमि गर्दा वा कोभिड– १९ को प्रभावलाई कम गर्न नसक्दा देशले हालसम्म गरेको उपलब्धि गुम्न सक्ने भएकोले सबै तहका नीति निर्माताहरुलाई औलो कार्यक्रमलाई बिशेष ध्यान दिनेवारे जानकारी गराउने ।

### ३. औलोसंग सम्वन्धित सामग्री

- सबै तहमा औलोसंग सम्वन्धित सामग्रीहरु (आर.डि.टि, औषधि तथा अन्य सामग्रीहरु) को उपलब्धता सुनिश्चित गर्ने ।
- यसका साथै, क्वारेन्टाईन तथा होल्डिङ्ग सेन्टरहरुमा औलो परिक्षणका लागि आवश्यक आर.डि.टि इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले पठाउने छ ।

### ४. समन्वय

कोभिड– १९ को महामारीमा गुणस्तरीय सेवा प्रवाहका लागि प्राविधिक तथा प्रशासनिक कामको सहकार्य महत्वपूर्ण छ । जसलागि निम्न कार्यहरु निर्धारण गरिएका छन् :

- केन्द्रीय औलो सम्वन्य समुहको (एनेक्स १) हरेक २ हप्तामा बैठक गरी औलो अवश्थाबारे छलफल गर्ने ।
- प्रदेश तथा स्थानीय तहमा साप्ताहिक रुपमा बैठक गरी औलो सेवाबारे छलफल गर्ने ।
- कोभिड–१९ को सुरक्षा तथा रोगथामका लागि राष्ट्रिय तथा स्थानीय तहबाट जारी नीतिहरु अपनाउदै सम्भव भएसम्म सुपरभिजन, अनुगमन तथा क्षमता अभिबृद्धि कार्यक्रमलाई निरन्तरता दिने ।
- औलो कार्यक्रमसंग सम्वन्धित कुनै पनि समस्या भएमा क्षमता जतिसके छिटो इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखालाई जानकारी गराउने ।

## एनेक्स १: केन्द्रीय औलो समन्वय समुह

| | |
|---|---|
| अध्ययक्ष, निर्देशक, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा | |
| स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र, नेपाल राष्ट्रिय आपतकालीन कार्यसंचालन केन्द्र तथा अन्य साझेदारहरुसंग समन्वयका लागि प्रमूख ब्यक्ति | शाखा प्रमूख, एन.टि.डि तथा भि.बि.डि. |
| प्रदेश तथा स्थानीय निकायहरुसंग समन्वयका लागि प्रमूख ब्यक्ति | शाखा प्रमूख, एन.टि.डि तथा भि.बि.डि. |
| संचार माध्यमसंग समन्वयका लागि प्रमूख ब्यक्ति | शाखा प्रमूख, एन.टि.डि तथा भि.बि.डि. /स्वास्थ्य प्रशासक तथा भि.सि.आई. |
| तथ्याङ्क ब्यवस्थापन | स्वास्थ्य प्रशासक, भि.सि.आई. तथा एम. एण्ड ई (एस.सि.आई.) |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

फोन नं. ०१–४२५५७९६
फ्याक्सः ०१ –४२६२२६८
Email: ewarsedcd@gmail.com
Website: edcd.gov.np

पचली, टेकु
काठमाण्डौं, नेपाल

पत्र संख्याः २०७७/०७८
च. नं:

| | |
|---|---|
| सामग्री व्यवस्थापन | स्वास्थ्य प्रशासक, भि.सि.आई. तथा पि. एस. एम. (एस.सि.आई.) |
| प्रयोगशाला | प्रयोगशाला अधिकृत तथा प्रयोगशाला बिशेषज्ञ (एस.सि.आई.) |
| प्राविधिक बिज्ञ | डब्लु एच. ओ. तथा एस.सि.आई. |

**यस महामारीको समयमा औलो कार्यक्रम लागि सम्पर्क गर्नु परेमा निम्नानुसार गर्न सकिने छ ।**

| प्रदेश | सम्पर्क ब्यक्ति (पहिलो) | सम्पर्क ब्यक्ति (दोस्रो) |
|---|---|---|
| प्रदेश१ | अदित्य शाक्य | डा. नितेश मिश्रा ९८६९४१६४०१ |
| प्रदेश २ | डा. संजय यादव ९८४४३१०३२९ | डा. संजय आचार्य ९८६९४१६४०२ |
| बाग्मती प्रदेश | रत्नेश्वर शाह ९८१४८६७०३८ | |
| गण्डकी प्रदेश | लक्ष्मण बसौला ९८५६०२७१६६ | डा. निमा लामा ९८६९४१६४०६ |
| लुम्बिनी प्रदेश (बाँके, बर्दिया तथा दाङ्ग बाहेक) | दिवाकर महर्जन ९८५७०३०२७० | डा. संजिव रन्जन राय ९८६९४१६४०३ |
| लुम्बिनी प्रदेश (बाँके, बर्दिया तथा दाङ्ग) | | डा. मदन कोइराला ९८६९४१६४०४ |
| कर्णाली प्रदेश | श्याम आचार्य ९८५८०४७४७६ | डा. मदन कोइराला ९८६९४१६४०४ |
| सुदुरपश्चिम प्रदेश | हेमराज जोशी ९८४८७०९९८ | डा. मनोज पाण्डे ९८६९४१६४०५ |

थापा

निर्देशक